नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नं.४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की

## लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/०८/०३ गते।

यस सशस्त्र प्रहरी बल, नेपाल नं.४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीको जिन्सी आम्दानी किताबमा रितपूर्वक आम्दानी बाधिएका जिन्सी माल-सामानहरु तथा मेशिनरी सामानहरु मध्ये आर्थिक बर्ष ०७७/०७८ को जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्रि गर्नुपर्ने भनी उल्लेख भएका बेकाम बेचल्तीका मेशिनरी तथा जिन्सी मालसामानहरु, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम १०७ को अधिनमा रही उक्त मालसामानहरु जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्न भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति,फर्म, संस्था वा कम्पनिहरुले निम्न लिखित शर्तहरुको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| सि.नं. | मालसामानहरुको विवरण | न्यूनतम जम्मा मुल्य रु.(मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कै |
|---|---|---|---|---|
| १. | पुराना जिन्सी माल-सामानहरु | रु.२७९७९।-(सत्ताईस हजार नौ सय उनान्असी) | १००० ।- | |

बोलपत्र फारम श्री कोष तथा लेखा नियन्त्रण कार्यालय कास्की, श्री जिल्ला प्रशासन कार्यालय कास्की, श्री सशस्त्र प्रहरी बल,नेपाल नं.४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीबाट प्रथम पटक सुचना प्रकाशित भएको मिति ले ०७ औं दिन (मिति २०७८/०८/०९ गतेको) कार्यालय समय भित्र बोल पत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र दाताले कुल कबोल अंकको १० प्रतिशत हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रण कार्यालय कास्कीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय पृथ्वी चोक कास्कीको धरौटी खाता नंम्बर ३०२०१००१०२०३०००० मा नगदै दाखिला गरी सक्कलै भौचर वा यस कार्यालयको कोड नंम्बर ३१४०५३९०१ मा नगदै दाखिला सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ । शिलबन्दी बोलपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मितिले ०८ औं दिनको १२:०० बजे भित्र श्री कोष तथा लेखा नियन्त्रण कार्यालय कास्की, श्री जिल्ला प्रशासन कार्यालय कास्की, श्री सशस्त्र प्रहरी बल,नेपाल नं.४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कामा दाखिला गरि सक्नुपर्ने छ, दाखिला भएका बोलपत्र फारमहरु सो दिनको १५:०० बजे यस कार्यालयमा खोलिने छ । उल्लेखित सामानहरु हेर्न वा थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको फोन नंम्बर ९८५१२७२०२५ मा सम्पर्क राख्न सकिने छ । स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको सम्पुर्ण रकम र नियमानुसार लाग्ने (तेह्र प्रतिशत) मु.अ.कर समेत यस कार्यालयमा बुझाई पुराना माल सामानहरु उठाई लैजानु पर्ने छ । सो नगरेमा बोलपत्र जमानत रकम जफत गरिने छ । अन्य शर्तहरु बोलपत्र फारममा नै उल्लेख गरिएको छ । यस सम्बन्धी सुचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site www.apf.gov.np** मा समेत राखिएको छ ।

शम्भु सुवेदी

सशस्त्र प्रहरी नायब महानिरीक्षक

बाहिनीपति